
# वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य योजना
# २०८१









## जिल्ला प्रशासन कार्यालय, भक्तपुर

ईमेल: daobhaktapur@gmail.com

वेबसाइट: daobhaktapur.moha.gov.np

फोन नं. ०१६६१४४३७, ०१६६१४८०१, ०१६६१४६०७

## विषयसूची

१. पृष्ठभूमी ..... १
२. नेपालको विशिष्ट अवस्था र वन डढेलो: ..... १
२.१ वन डढेलोको कारक तत्वहरु: ..... १
२.२ वन डढेलोवाट हुने हानी नोक्सानीहरु: ..... २
३. वन डढेलो व्यवस्थापनमा सक्रिय सरोकारवाला निकायहरु ..... ३
४. भक्तपुर जिल्लास्थित वन क्षेत्रको विवरण: ..... ४
तालिका नं. १: वनको प्रकार अनुसार विवरण ..... ४
तालिका नं. २ : व्यवस्थापनका आधारमा वनको प्रकार ..... ५
५. वन डढेलो व्यवस्थापन: ..... ५
६. वन डढेलो रोकथाम नियन्त्रण तथा व्यवस्थापन गर्नको लागि मुख्य कानूनी आधारहरु: ..... ८
७. पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य: ..... ८
८. वन डढेलो पूर्वतयारी, रोकथाम, नियन्त्रण, पुनर्स्थापना सम्बन्धी कार्य: ..... ९
८.१ पूर्वतयारी (Readiness) को लागि गरिने कार्यहरु ..... १०
९. वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना: ..... ११
तालिका नं. ३ वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१/८२ ..... १२
१०. वन डढेलो नियन्त्रण आवश्यक पर्ने सामग्री/ उपकरणहरुको सूची र बजेट व्यवस्थापन: ..... १३
अनुसूची १: प्रस्तावित Forest Fire Alert and Response System (FFARS) प्रणाली ..... १६
अनुसूची २: जिल्ला स्तरीय Rapid Response Team (DLRRT) ..... १७
अनुसूची ३: स्थानीय स्तरीय Rapid Response Team (LLRRT) ..... १७
अनुसूची ४: जिल्ला स्थित विभिन्न ठाउँमा डढेलो व्यवस्थापन सम्बन्धी भएका विभिन्न क्रियाकलाप झल्कने तस्विरहरु: १८

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

१. पृष्ठभूमी

देशको कुल भू-भागको ४५% भन्दा बढी क्षेत्र ओगटेका वन क्षेत्र, देशको स्वच्छ वातावरण र प्राकृतिक सौन्दर्य संरक्षणका लागि अतिनै महत्त्वपूर्ण सावित भएका छन् भने यस्ता वनहरु वन्यजन्तु, कृषि, पर्यटन, जलस्रोत र पूर्वाधारका लागि मेरुदण्डनै भएका छन्। यद्यपि, बढ्दो वन डढेलो, अत्यधिक चरन र भूमि अतिक्रमण जस्ता मानवीय गतिविधिहरू प्रभावकारी वन संरक्षण र व्यवस्थापनमा महत्त्वपूर्ण बाधा बन्ने गरेका छन्। हालका बर्षहरूमा, वन डढेलोले जैविक बिविधताको लागि महत्त्वपूर्ण वनहरूमा व्यापक क्षति पुऱ्याएको छ। सुख्खा मौसममा तीव्र हुने बन डढेलोका कारण नेपालमा प्रत्येक बर्ष औसत ८० जनाको ज्यान जाने र अर्बौको सम्पत्ति नष्ट हुने गरेका छन्। वन तथा भू-संरक्षण विभागको एक अध्ययनले यी वन डढेलोका कारण नेपालमा वार्षिक रूपमा लगभग ३७२,००० हेक्टर वन नष्ट हुने देखाएको छ, जसमध्ये १६३,००० देखि ७६०,००० हेक्टरसम्म वन क्षेत्र प्रभावित हुने गरेको छ ।यसरी बन डढेलो नेपालको लागि ठूलो चूनौतिको रुपमा रहेको छ ।

वन डढेलोलाई विभिन्न विषयहरुले असर गरेको हुन्छ । नेपालको सन्दर्भमा हावाको गति र दिशा, मौसम, भु बनौट, सापेक्षिक आद्रता, जमिनमा उपलब्ध प्रज्वलनशिल पदार्थहरु मुख्य विषयकोरुपमा पर्दछन् । विभिन्न अध्ययन तथा प्रतिवेदनमा उल्लेख भए अनुसार हावाको गति ४ मिटर प्रति सेकेन्ड मात्र वृद्धि भएमा डढेलो फैलिने गति दुई गुणाले वृद्धि हुने देखिएको छ । हावा तिव्र चल्ने र सुख्खा मौसमका कारण नेपालमा डढेलो प्राय फाल्गुनदेखि फाटफुट र चैत्र वैशाखमा उच्च अवस्थामा लाग्ने गरेको पाइन्छ। तराई भन्दा पहाडी क्षेत्रमा ६४ प्रतिशतले बढी डढेलो लाग्ने गरेको साथै क्षति र जोखिम पनि उतिकै बढि हुने गरेको पाईन्छ । जमिनको भिरालोपन बढि भएमा वन डढेलोको फैलावट र गति पनि बढि हुदै जाने कारण समेत मुख्य रहेको छ । साथै प्रत्येक १० डिग्री जमिनको भिरालोपन वृद्धि भएमा त्यहाँ लागेको डढेलो फैलिने गति समेत दोब्बर हुन्छ । नेपालमा चैत्र वैशाख महिनामा सापेक्षिक आद्रता ३० प्रतिशत भन्दा कम हुने गर्दछ, जुन डढेलोको लागि अतिनै उपर्युक्त वातावरण हुन आउँदछ । साथै वुढो मरेका रुख बिरुवा भएको स्थान, झाडी, वनमारा सुकेर वसेका स्थानमा वन डढेलोको प्रकोप झनै बढि हुने गरेको छ ।

२. नेपालको विशिष्ट अवस्था र वन डढेलो:

२.१ वन डढेलोको कारक तत्वहरु:

नेपालको सन्दर्भमा वन डढेलो कारकको रुपमा १. प्राकृतिक र २. मानविय वा कृतिम कारण गरी दुई कारकलाई लिने गरिएको छ । जिल्ला वन कार्यालय, भक्तपुरको तथ्याङ्क अनुसार प्राकृतिक

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

कारण १ प्रतिशतभन्दा कम छ भने यसमा घर्षण, चट्याङ्ग, सूर्यको ताप अपवर्तन प्रकृया, तथा ज्वालामूखी जस्ता कारकहरु रहेका छन् । यस्तै मानविय वा कृतिम कारण ९६% रहेको छ भने यस अन्तर्गत समेत जानीजानी वा इच्छित वन डढेलो ६४% र अन्जानमा वा दुर्घटनात्मक ३२% रहेको छ ।साथै बाँकी ३% जानकारी नभएको भनि उल्लेख भएको छ ।

वन डढेलोले प्रभावित पार्ने स्थान वा क्षेत्रको आधारमा सतह डढेलो, भूँई डढेलो, इच्छित वन डढेलो, दुर्घटनात्मक बन डढेलो, घर्सनि डढेलो, छत्र डढेलो जस्ता डढेलोलाई उल्लेख गर्न सकिन्छ। यस्ता डढेलोहरु सतहमा रहेका झारपात र स साना वनस्पती तथा झाडीलाई समेत डढाउदै फैलने, जमिनको सतहलाई ढाकेर रहेका झारपातहरुको तहका साथसाथै स–साना बोटविरुवा र जमिन सतहसंगै मिसिएर रहेका दहनशील पाङ्गारिक पद्धार्थहरुमा समेत लाग्ने हुन्छ । "भूँई घास उमार्ने उद्देश्यले, लघु वन पैदावार संकलन गर्ने उद्देश्यले, सुकेको काठ दाउरा निकाल्न, रिसिवी साँध्ने उद्देश्यले, खेती बारी मलिलो बनाउन, मानव वन्यजन्तु द्धन्द कारण सृजित वन डढेलो" व्यक्ति तथा समुदायको इच्छाका कारणले लाग्ने वन डढेलो हो भने "गोल पोल्दा, शहरी क्षेत्रका बासिन्दा हाइकिङ, वनभोज तथा स्कुल र कलेज पढ्ने विद्यार्थी मनोरञ्जनका लागि बनक्षेत्रमा जाने, अरिगालको गोल पोल्दा वा मह काड्दा, वनको बाटो हुदै चुरोट पिउदै जाँदा, वच्चा वच्चिले सलाई लाइटर खेलाउदा, वनपथ सफा गर्दा लगाईने आगो अनियन्त्रित रुपमा फैलदै जादा, चुरोटको ठूटा, सलाई राम्रो संग ननिभाई फाल्दा" लाग्ने वन डढेलोलाई दुर्घटनात्मक कारणले लाग्ने वन डढेलोकोरुपमा हेरिन्छ ।

साथै जमिनको सतहमा स–सानो विरुवा विहिन भएको अवस्थामा ठूला रुखहरुबाट सुकेर वा मरेर झरेका पातहरुले सामान्यरुपमा छोपेका जमिनमा हुन्छन, ठूला हावा नचलेको वेला समेत यस्ता ज्वलनशील वस्तुमा आगो सल्कन गयो भने विस्तारै सुकेका पातहरुको तह डढाउदै तथा फैलदै बन डढेलोको रुप लिने हुन्छ । त्यस्तै रुखको माथिल्लो भागका हाँगाविगा तथा पातहरुका समूहलाई आंशीक वा पूर्ण रूपमा जलाई नष्ट गर्ने कारणले पनि बन डढेलोको रुप लिन्छ जुन प्रायः सल्लो प्रजातीको वाहुल्यता भएको वनमा लाग्ने सभाबना बढी हुन्छ। साथै यस्तो डढेलोले रुखका हाँगाविगा र कहिलेकाहि मुख्य काण्डलाई समेत जलाई ठूली क्षती पुर्‍याईदिने हुँदा यसलाई वन डढेलोको रौद्र (भयानक) रुप पनि भन्ने गरिन्छ ।

## २.२ वन डढेलोबाट हुने हानी नोक्सानीहरु :

बन जगंलमा डढेलो लाग्नाले निम्नानुसारको अल्पकालिन तथा दीर्घकालिन असर पर्न गई ठूलो हानि नोक्सानी समेत हुने गर्दछ । अल्पकालिन असरको रुपमा रुख विरुवाहरुको नोक्शानी, पुनरुत्पादनमा

पालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

नोक्शानी र ह्रास, भूबनोट र माटोको क्षति (भूक्षय), काठ तथा दाउराको क्षति, लीत्तर तथा घाँस उत्पादनमा कमि, वायु प्रदुषण प्रमुख रुपमा देखिएको छ ।

साथै दिर्घकालीन असरहरुमा पानीको मुहान तथा भण्डारमा कमी, जैविक विविधतामा ह्रास, वायुमण्डलीय प्रदुषणमा वृद्धि तथा हरित गृह प्रभावमा वृद्धि, मौसमी परिवर्तन, कृषि उत्पादनमा कमी, भुक्षय बाढि पहिरोमा बृद्धि,वनको किसिम तथ गुणमा परिवर्तन, सौन्दर्य र मनोरञ्जनको महत्वमा कमि, वायु प्रदुषणका कारण मानव स्वास्थ्यमा गम्भिर असर, भई धनजन तथा मानविय क्षति समेत पर्दछन् ।

## ३. वन डढेलो व्यवस्थापनमा सक्रिय सरोकारवाला निकायहरु

संवैधानिक आधार तथा ऐन नियम समेतमा व्यवस्था भए अनुसार वन डढेलो व्यवस्थापनमा आपसी समन्वय, सहकार्यमा तीनवटै सरकारले आ-आफ्नो भूमिका निर्वाह गरिरहेका छन् ।

**वन डढेलो व्यवस्थापन**

**केन्द्र**

वन तथा वातावरण मन्त्रालय

गृह मन्त्रालय (राष्ट्रिय विपद न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण - NDRRMA)

**प्रदेश**

वन तथा वातावरण मन्त्रालय

**जिल्ला**

डिभिजन वन कार्यालय, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, नेपाल आर्मी, जिल्ला समन्वय समिति, जिल्लास्थित विभिन्न सरोकारवाला निकाय र सञ्चार माध्यम

**स्थानीय**

स्थानिय सरकार, वन उपभोक्ता समुह, विभिन्न युथ क्लब, सञ्चार माध्यम, स्थानीय सामुदायिक संघसंस्था

नोटः वन डढेलो वन विनाशको कारण मात्र नभई जीउ धन, सार्वजनिक सम्पति, वातावरण प्रदुषणको कारण भएको कारण सबैको चासोको क्षेत्र/विषय भएको छ ।

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

४.    भक्तपुर जिल्लास्थित वन क्षेत्रको विवरणः

भक्तपुर जिल्लामा मुख्यतया चिलाउने, कटुस, उत्तिस, पैंयु, खोटे सल्ला, गोब्रेसल्ला, लालीगुराँस लगायतका वनस्पतिहरु पाइन्छन् । जिल्लाको वन सम्पदा भनेकै विभिन्न प्रजातिको वनस्पति, झाडी, बुट्यान र घाँसले ढाकेको वन क्षेत्र हो । जिल्ला वन कार्यालय, भक्तपुरको अनुसार जिल्लाको भू-उपयोगको स्थिति हेर्दा यस जिल्लाको कुल क्षेत्रफल मध्ये १७.५ प्रतिशत वन क्षेत्रले ढाकेको छ । जिल्लामा वन तथा अन्य क्षेत्रहरुको विवरण तलको तालिकाहरुमा प्रस्तुत गरिएको छ;

## तालिका नं. १: वनको प्रकार अनुसार विवरण

| सि.नं. | वनको प्रकार | क्षेत्रफल | स्थान | उपयोग | कैफियत |
|---|---|---|---|---|---|
| १ | तल्लो मिश्रीत चौडापाते वन (Lower Slope mixed broadleaf forest) | ८७६.६३ हे. (४१.०३%) क्षेत्र ओगटेको | चित्तापोल, कटुन्जे, सिपाडोल, दधिकोट, मध्यपुर ठिमी नगरपालिका क्षेत्रमा रहेको | दाउरा, घाँस स्याउला, काठ प्राप्त गर्ने महत्वपूर्ण श्रोत | चिलाउने (Schima wallichii) कटुस(Castanopsis spp), उत्तिस(Alnus nepalensis) आदि |
| २ | सल्ला वन (Chirpine Forest) | वनले ७२३.२३ हे. (३३.८३%) क्षेत्रफल ढाकेको | जिल्लाको मध्ये भागको ताथली, सुडाल | | खोटेसल्लाको वन (Pure Chirpine Forest) पाइन्छ भने तल्लो भेगमा उत्तिस(Alnus nepalensis)चिलाउने(Schima wallichii) संग मिसिएर रहेको |
| ३ | माथिल्लो चौडापाते मिश्रित वन (Upper Slope mixed broad leaf forest): | ५३७.४० हे.(२५.१४%) फैलिएको | गाउँ, बस्ती भन्दा टाढा नगरकोट, चलिंग, चाँगुनारायण, दुवाकोट, बागेश्वोरी क्षेत्रको माथिल्लो भाग | जडिबुटीको लागि तथा अलैंची खेतीको लागि समेत उपयुक्त | उत्तिस (Alnus nepalensis) अंगेरि (Lyonia ovalifolia), सल्ला(Pinus spp), गुराँस(Rhododendnron spp),पैंयु (Prunus cerasoides),सेती काठ (Myricina capitellata) |

स्रोतः जिल्ला वन कार्यालय, भक्तपुर

यस जिल्लाको Altitude को आधारले Sub-tropical forest र प्रजातिको हिसावले मुख्य गरि Lower Temperate forest को नै बाहुल्यता रहेको छ । अधिकांश रुपमा चिलाउने उत्तिस, सल्ला, कटुस लगायतका प्रजातिहरुको पोल वन रहेको छ ।

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

## तालिका नं. २ : व्यवस्थापनका आधारमा वनको प्रकार

| सिनं. | वनको प्रकार | विवरण | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक वन | आ.व. २०७६/०७७ को अन्त्यसम्ममा यस जिल्लामा ५७ वटा सामुदायिक वनहरु उपभोक्ता समूहहरुलाई हस्तान्तरण भइसकेका छन्।यी सामुदायिक वनरुले १,७४०.४७ हे. क्षेत्रफल ओगटी ९,०५७ घरधुरी लाई समेटेको छ। | |
| २ | निजी वन | डिभिजन वन कार्यालयमा ७ वटा निजी वन दर्ता भएको पाईन्छ जसले ३.२८ हे. क्षेत्रफल ओगटेको । | |
| ३ | कबुलियती वन | व्यवसायीक प्रयोजनका लागि मात्र २ वटा कबुलियती वनहरुले २७.६३ हे. क्षेत्रफल ओगटेको । | |
| ४ | धार्मिक वन | भक्तपुर जिल्लामा हालसम्म ३ वटा धार्मिक वनहरुलाई ८.९१ हेक्टर क्षेत्रफल धार्मिक वनको रुपमा हस्तान्तरण गरिएको । | |
| ५ | संरक्षित वन | हालसम्म भक्तपुर डिभिजन वन कार्यालय अन्तर्गत कुनै पनि संरक्षित वन हस्तान्तरण भएको छैन। | |

स्रोतः जिल्ला वन कार्यालय, भक्तपुर


## ५. वन डढेलो व्यवस्थापनः

अन्य विपदहरु जस्तै वन डढेलोमा पनि प्राकृतिक तथा मानवीय वा कृतिम दुवै कारणबाट नेपाल जोखिमयुक्त ठाउँ रहेको छ । NDRRMA को प्रतिवेदन अनुसार सन् २०२१ मा, नेपालका ७७ जिल्लाहरूमध्ये ७५ जिल्लाहरू वन डढेलोबाट प्रभावित भए भने २७०० भन्दा बढी वन डढेलोको घटनाबाट ठूलो धनजनको साथै पाँच जनाको मृत्यू समेत भएको थियो । देशभरि फैलिएको डढेलोका कारण काठमाडौं उपत्यका सहित बिभिन्न ठाउँहरू धुवाँले ढाकिएका कारण वायु गुणस्तर धेरै न्यून भएको थियो भने उक्त समयमा रेड अलर्ट सूचना जारी गर्नुको साथै चार दिनका लागि विद्यालय बन्द समेत गरेका थिए।

कार्यान्वयनकारी निकायहरूसँग आधारभूत तथ्याङ्क, वन डढेलोको सम्भावित क्षेत्रहरूको पहिचान, नियन्त्रणको लागि उपयुक्त स्रोत साधनको अभाव, स्रोत साधन र प्रविधिको समेत न्यून प्रयोग, औजारहरूको सही उपयोगको तरिका तथा विधिबारे प्रयाप्त जानकारी नहुँदा वन डढेलोबाट मानवीय तथा धनजनको ठूलो क्षति हुने गरेको छ । सन् २००९ मा मात्रै रामेछाप जिल्लामा वन डढेलो नियन्त्रण गर्ने क्रममा १३ जना सुरक्षाकर्मीले ज्यान गुमाएका थिए । तापक्रम र वन डढेलोको प्रत्यक्ष समानुपातिक सम्वन्ध रहने तथा गत बर्षहरुमा तापक्रम उच्च रहेको समयमै सबैभन्दा बढी डढेलो लागेको तथ्याङ्कले देखाएको छ । तुलनात्मक रुपमा प्राकृतिक कारण भन्दा पनि मानवीय कारण जस्तै खोरियाजंगल/ फडानी, जङ्गल नजिक रहेको खेतबारी सफा गर्दा, वनभोज/हाइकिड/पदयात्रा /क्याम्प फायरिङ जस्ता मनोरञ्जनका क्रियाकलापमा असावधानी गर्दा,

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

वनभित्र विभिन्न विकास निर्माणका कार्यमा आगो लगाउने कार्य लगायतले वन डढेलो लाग्ने गरेको पाइन्छ ।





फिगर १: भक्तपुर जिल्लाको नक्सा

११९ वर्ग कि.मि क्षेत्रफल रहेको यस जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिम र उत्तरमा काठमाडौं र दक्षिणमा ललितपुर जिल्ला पर्दछन्। यसको पूर्व-पश्चिम लम्बाई १६ कि.मी. र उत्तर-दक्षिण चौडाई ११.२ कि.मी. रहेको छ भने सरदर उचाई समुद्रीसतहबाट १,३३१ मि. छ। यस जिल्लाको सबैभन्दा अग्लो भूभाग चाँगुनारायण नगरपालिका वडा नं. ६ मा रहेको नगरकोट हाइटलाई मानिन्छ, जसको उचाई २,१९१ मिटर छ।

भक्तपुर जिल्ला पहाडी भूभाग र बाक्लो शहरीकरण तथा अव्यवस्थित बसोबासका कारणले विपद्का सन्दर्भमा जोखिमयुक्त अवस्थामा रहेको छ। काठमाडौं उपत्यकाभित्रको एक सानो तथा सुन्दर जिल्ला भएता पनि यहाँको भौगोलिक बनाबटमा पहाडी इलाका समेत रहेको र वन विनाश, अत्यधिक उत्खनन र अव्यवस्थित बसोबास तथा नदीनालाको समुचित संरक्षण हुन नसक्दा प्रत्येक बर्ष बर्षात्को समयमा पहिरो जाने, नदी तथा खोलामा बाढी आई बस्तीनै डुबानमा पर्ने जस्ता घटना भई व्यापक धनजनको क्षति हुने गर्दछ। नदीक्षेत्र वरिपरी रहेका बस्तीहरु समेत बर्षात्को समयमा डुबानमा परी बर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ। बाढी, पहिरो तथा डुबानको दृष्टिकोणले भक्तपुरका जोखिमयुक्त अवस्थामा रहेका स्थानहरु समेटिएको नक्सा निम्नानुसार छः-

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी




फिगर २:भक्तपुर जिल्लाको विपद नक्साङ्कन

यस जिल्लामा समेत सुख्खायाममा विभिन्न प्राकृतिक तथा मानवीय त्रुटिका कारणले बर्षेनी डढेलोका घटनामा वृद्धि भइरहेका छन्। गत वर्ष यस जिल्लामा ८ वटा डढेलो लागेको थियो । यस प्रकारका विपदका घटनाबाट भएको जनधनको क्षतिको प्रकृति समेतको आधारमा यस्ता क्षतिलाई न्यूनिकरण गर्न पूर्वतयारी, उद्धार, राहत र पूनर्स्थापनाका कार्यलाई व्यवस्थित र योजनाबद्ध रुपमा सम्पादन गर्न आवश्यक देखिन्छ। यसका लागि विपद् व्यवस्थापनका क्षेत्रमा कार्यरत विभिन्न निकायहरुबीच समन्वयात्मक र सहकार्यात्मक वातावरण हुनु आवश्यक छ। यस प्रकारको जोखिमपूर्ण अवस्थालाई न्युनिकरणका लागि डढेलोको मौसम सुरु हुनु पूर्वतयारीका लागि डिभिजन वन कार्यालय, सम्वन्धित स्थानीय तह तथा जिल्ला स्थित सरोकारवाला निकायबीचको समन्वयमा डढेलो नियन्त्रण पूर्वतयारी योजना तयार पारी विभिन्न पूर्वतयारीका क्रियाकलापहरु जस्तै प्रचारप्रसार, जनचेतना वृद्धि, ज्वलनशील पदार्थको व्यवस्थापन, अग्नि नियन्त्रण सामाग्री खरिद तथा वितरण, अग्नि रेखा निर्माण लगायतका कार्यहरु संचालन हुन आवश्यक रहेकोले वन डढेलो नियन्त्रण रणनीति, २०६७ लाई केन्द्र विन्दु मानी वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ तयार गरिएको छ।

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

६. वन डढेलो रोकथाम नियन्त्रण तथा व्यवस्थापन गर्नको लागि मुख्य कानूनी आधारहरु:

- वन ऐन, २०७६
- वन नियमावली, २०७९
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, संशोधन २०७५
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०८१
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सञ्चार रणनीति, २०८१
- विपद् जोखिम न्यूनिकरण राष्ट्रिय नीति, २०७५
- विपद् लेखाजोखा मार्गदर्शन, २०७२ को प्रारम्भिक द्रुत लेखाजोखा
- वन डढेलो व्यवस्थापन रणनीति, २०६७
- भक्तपुर जिल्लाको हकमा "भक्तपुर जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना आ.व. २०७७।०७८ देखि २०८१।०८२ सम्म" थप समेत

७. पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्यः

- जिल्ला अन्तर्गतका सवै स्थानीय तह/सवडिभिजन स्तर र जिल्लाभरि वन डढेलो संबेदनशील र जोखिम क्षेत्रहरू पहिचान गर्ने।
- उपत्यकास्तरीय तथा जिल्लास्तरीय अग्नि नियन्त्रण सञ्जाल गठन गर्ने।
- वन डढेलो व्यवस्थापन गर्न जनचेतनामूलक गोष्ठी तथा सेमिनार सञ्चालन गर्ने।
- अग्निरेखा पहिचान, संरक्षण, मर्मत तथा व्यवस्थापन गर्ने।
- वन डढेलो नियन्त्रणको लागि पूर्वतयारी र प्रतिकार्य सम्बन्धी क्रियाकलापको पहिचान र कार्यान्वयन गर्ने।
- बन डढेलो नियन्त्रणको लागि पूर्वतयारी कार्यहरु जस्तै प्रचार प्रसार, जनचेतनामुलक गोष्ठी, तालिम तथा झाडी सफाई, प्रज्वलनशील पदार्थहरुको व्यवस्थापन गर्ने,
- जिम्मेवार निकायहरुले अग्नीरोधक सामग्रीहरुको खरिद/मर्मत सम्भार गरी तयारी अवस्थामा राख्नुका साथै आवश्यक्तानुसार वितरण गर्ने।
- डिभिजन र सव-डिभिजन स्तरमा वन डढेलो नियन्त्रण कार्यको लागि अग्नी नियन्त्रण सञ्जाल तथा Rapid Response Team गठन तथा परिचालन गर्ने।
- डढेलो नियन्त्रण कार्यमा खटिने वन प्राविधिक, सुरक्षा निकाय, समुदाय तथा उपभोक्ता लगायतको जनशक्तिहरुलाई आवश्यक तालिम समेत दिई Well Equipped बनाउने।
- वन डढेलो रोकथाम र नियन्त्रणमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।
- सामुदायिक वनका उपभोक्ताहरुलाई वन डढेलो नियन्त्रणमा क्रियाशील एवं सकृय बनाउने।
- डढेलो नियन्त्रण सम्बन्धि प्राविधिक पक्षको बारेमा सबैलाई सु-सुचित गर्ने।

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

८. वन डढेलो पूर्वतयारी, रोकथाम, नियन्त्रण, पुनर्स्थापना सम्बन्धी कार्य:





**Figure 1**: वन डढेलो व्यवस्थापनका चरणहरु

वन डढेलोको जोखिम न्यूनीकरणका लागि प्रभावकारी कानूनी नीति तथा नियमको कार्यान्वयन, वन डढेलो रोकथाम तथा जनचेतना अभिवृद्धि, समुदायको सक्रिय सहभागिता, वनको उचित व्यवस्थापन, तथा वन डढेलोको शीघ्र पहिचान र नियन्त्रणका लागि प्रभावकारी उपायहरू अपनाउन आवश्यक छ। वन डढेलोको प्रभावकारी तयारीका लागि दमकलकर्मी तथा समुदायलाई व्यावहारिक तालिम प्रदान गर्दै आवश्यक उपकरणहरूको उचित व्यवस्थापन गर्नुपर्ने साथै शीघ्र सूचना आदान-प्रदानका लागि आधुनिक सञ्चार प्रविधिको प्रयोग गर्न आवश्यक छ। वन डढेलोको प्रभावकारी प्रतिकार्यका लागि शीघ्र पहिचान तथा सतर्कता प्रणालीको प्रयोग, घटनाको व्यवस्थित व्यवस्थापनका लागि घटनाको कमाण्ड प्रणालीको सञ्चालन, उपलब्ध स्रोतसाधनहरूको उचित व्यवस्थापनबाट द्रुत तथा प्रभावकारी प्रतिकार्य आवश्यक छ। वन डढेलोपछि प्रभावकारी पुन:स्थापनाका लागि समुदायको हित सुनिश्चित गर्दै पर्यावरणीय प्रणाली तथा जैविक विविधताको पुनर्स्थापना गर्नुपर्ने साथै क्षतिग्रस्त पूर्वाधारको मर्मत तथा पुनर्निर्माण आवश्यक छ।

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

## ८.१ पूर्वतयारी (Readiness) को लागि गरिने कार्यहरु

### क. प्रचार प्रसार तथा जनचेतनामूलक कार्यक्रम

- Forest Fire Alert and Response System (FFARS) विकास गरी कार्यान्वयनमा ल्याउने ।
- एफएम, रेडियोहरुवाट वन डढेलो सम्वन्धी जानकारी तथा सचेतनामूलक सूचना प्रसारण गर्ने।
- जनचेतनामूलक वन डढेलो नियन्त्रण सप्ताह कार्यक्रम आयोजना गर्ने।
- वन डढेलो संवेदनशील क्षेत्रहरुमा माइकिङ तथा प्रचार प्रसार सामग्री, पम्प्लेट तथा पोष्टर वितरण गर्ने।
- डिभिजन वन कार्यालय, स्थानीय तह, सुरक्षा निकाय समेतको समन्वय र सहकार्यमा संयुक्त टोल भेलाहरु आयोजना गरी वन डढेलोका असर तथा वनमा डढेलो लगाउने व्यक्ति वा समूहलाई हुने कानूनी कार्वाहीको वारेमा जानकारी दिने।
- सार्वजनिक बन उपभोक्ता समिति (सा.व.उ.स.) लाई वन डढेलो नियन्त्रण सम्बन्धी तालिम/गोष्ठी आयोजना गर्ने।
- समुदाय तथा विद्यालयस्तरमा अग्नि सुरक्षा सम्वन्धी तालिम सञ्चालन गर्ने।
- स्थानीय तह, प्रहरी, सेना, तथा स्थानीय स्वयंसेवकहरूलाई वन डढेलो नियन्त्रण सम्वन्धी तालिम दिने।
- Fire Breaks (अग्नि अवरोध क्षेत्र) र पोखरीहरु निर्माण गर्ने।
- जंगलमा १०-२० मिटर चौडा खुला क्षेत्र बनाउने।
- स्थानीय तह तथा सरोकारवालाहरु समेतको समन्वय, सहकार्य र सहभागितामा बन डढेलो नियन्त्रण संजाल गठन गरी प्रभावकारीरुपमा परिचालन गर्ने।
- काठमाडौं उपत्यकाको संयुक्त वन डढेलो नियन्त्रण लगायतको कार्यको लागि तीन जिल्लाको संयुक्त पहल हुने गरी उपत्यकास्तरीय अग्नि नियन्त्रण संजाल गठन गर्ने,

### ख. वन डढेलो नियन्त्रण पुर्वतयारी तथा प्रतिकार्य संयन्त्रको गठन

- जिल्लास्थित उपलब्ध अग्नि नियन्त्रक उपकरणहरू, तालिम प्राप्त कर्मचारीहरू, सुरक्षा निकायमा कार्य गरेका भू.पू. कर्मचारीहरु र सञ्चार प्रणालीहरूको लगत संकलन तथा मूल्याङ्कन गर्ने।
- जिल्लामा जिल्लास्तरिय Rapid Response team गठन गर्ने ।
- स्थानीयस्तरमा स्थानीयस्तरिय Rapid Response team गठन गरी प्रभावकारी रुपमा परिचालन गर्ने ।

### ग. वन डढेलो नियन्त्रणका सामाग्री तथा उपकरणहरुको व्यवस्थापन

- वन डढेलो नियन्त्रण, उद्धार र राहतमा प्रयोग हुने कार्यालयमा मौज्दात सामग्री तथा उपकरणहरु (दमकल, एम्बुलेन्स आदि) एकिन गरि बिग्रेका उपकरणहरुको मर्मत संम्भार गरी तयारी अवस्थामा राखे।

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

- आवश्यक थप सामग्रीहरु खरिद तथा वितरण गर्ने।
- वन सम्बर्द्धन तथा व्यवस्थापनका कार्यहरू जस्तै-झाडी सफाई, लहराहरु कटान गर्ने, प्रज्वलनशील पदार्थ जस्तै सुकेका पत्कर संकलन गरी उचित व्यबस्थापन गर्ने।
- वन जंगल नजिक रहेका मानवबस्ती र बनको बीचमा आवश्यकता अनुसार अग्निरेखाहरु निर्माण तथा मर्मत संम्भार गर्ने ।

८.२ वन डढेलो नियन्त्रण Immediate Control or Response को लागि गरिने कार्यहरु:

- डढेलो लागेको वन क्षेत्रको सूचना संकलन गरी तत्काल District Level Rapid Response Team (DLRRT) लाई जानकारी गराउन FFARS प्रणाली विकास तथा कार्यान्वयन गरिने,
- जिल्लास्तरमा जिल्ला प्रशासन कार्यालय, डिभिजन बन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी समेतको समन्वय तथा सहकार्यमा DLRRT परिचालनको लागि आवश्यक सहयोग गर्ने।
- स्थानीयस्तरमा सब डिभिजन बन कार्यालयका कर्मचारी, स्थानीय तह, जनसमुदाय, सामुदायिक वनका उपभोक्ता तथा सुरक्षाकर्मीको संलग्नतामा Local Level Rapid Response Team (LLRRT) डढेलो लागेको क्षेत्रमा आवश्यक उपकरण सहित तत्काल परिचालन गर्ने।
- मानवीय र भौतिक क्षति हुन नदिन एम्बुलेन्स, दमकल तयारी अवस्थामा राखे र तत्काल परिचालन गर्ने।

८.३ वन डढेलो पश्चात् (Post fire) गरिने कार्यहरु (पुनर्स्थापना):

- वन डढेलोबाट भएको क्षतिको विवरण तयार गरी यथाशिघ्र सम्बन्धित निकायहरुमा पठाउने।
- वन डढेलोबाट क्षति पुगेको बन पैदावार यथाशिघ्र संकलन गरी उचित व्यबस्थापन गर्ने र डढेलोबाट प्रभावित क्षेत्र सफा गर्ने।
- प्राकृतिक पुनरुत्पादन हुन सक्ने संम्भावना भएका वन क्षेत्रमा सब डिभिजन मार्फत सा.व.उ.स. को सहभागितामा प्राकृतिक पुनरुत्पादन व्यवस्थापनका कार्यहरु गर्ने।
- प्राकृतिक पुनरुत्पादन हुन सक्ने संभावना नभएका वन क्षेत्रमा सब डिभिजन मार्फत सा.व.उ.स. को सहभागितामा वृक्षारोपण कार्यहरु गर्ने।

९. वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना:

बन डढेलो नियन्त्रण र रोकथामका लागि प्रभावकारी तयारी र प्रतिकार्य योजना कार्यान्वयन गर्न विपद् व्यवस्थापनसँग सम्बन्धित सबै सरोकारवालाले आफ्ना भूमिका निभाउन र जिम्मेवारी पूरा गर्न आवश्यक छ। जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, डिभिजन वन कार्यालय, सुरक्षा निकाय, सामुदायिक वन उपभोक्ता महासंघ, सामुदायिक वन उपभोक्ताहरू लगायत सबै सरोकारवालाको समन्वित प्रयासले मात्र बन डढेलोको नियन्त्रण, रोकथाम र न्यूनिकरण सम्भव बनाउँछ, त्यसैले सबै पक्षको सहकार्य र समन्वय अत्यावश्यक छ।

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

## तालिका नं. ३ वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१/८२

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन मूल्यांकन गर्ने निकाय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| १ | Forest Fire Alert and Response System (FFARS) विकास र कार्यान्वयन<br>नोट: FFARS को विस्तृत विवरण अनुसूचीमा संलग्न छ। | • डिभिजन वन कार्यालय | • पदयात्री, स्थानीय व्यक्ति<br>• जिल्ला प्रशासन कार्यालय,<br>• सुरक्षा निकाय,<br>• सब-डिभिजन वन कार्यालय, | असार सम्म | • जिल्ला प्रशासन कार्यालय | समयमै वन डढेलोको सूचना प्राप्त भई वन डढेलो नियन्त्रणमा सहयोग पुगी क्षति न्यूनिकरण भएको हुने। |
| २ | वन डढेलो रोकथाम सम्बन्धी सचेतनामूलक सामाग्रीहरु तयार गरी एकरुपता कायम गर्ने | • डिभिजन वन कार्यालय/स्थानीय तह | • जिल्ला प्रशासन कार्यालय | | | सचेतना सामाग्रीहरुको एकरुपता भई जनमानसलाई बुझ्न सहज हुने । |
| ३ | एफ एम रेडियोबाट वन डढेलो सम्बन्धी जानकारी तथा सचेतनामूलक सुचनाहरु प्रसारण गर्ने | • डिभिजन वन कार्यालय/स्थानीय तह | • स्थानीय गैरसरकारी संस्था | फाल्गुण देखि असार सम्म | • जिल्ला प्रशासन कार्यालय<br>• नागरिक समाज | सूचना सम्प्रेषण भई नागरिकमा सचेतना आउने। |
| ४ | जनचेतनामूलक वन डढेलो नियन्त्रण सप्ताह कार्यक्रम आयोजना गर्ने | • डिभिजन वन कार्यालय/नेपाल प्रहरी/स्थानीय तह | • स्थानीय गैरसरकारी संस्था | फाल्गुण देखि असार सम्म | • जिल्ला प्रशासन कार्यालय<br>• नागरिक समाज | सूचना सम्प्रेषण भई नागरिकमा सचेतना आउने। |
| ५ | सामुदायिक विद्यालयहरुमा इको क्लब गठन गरि सचेतनाका कार्यक्रमहरु संचालन गर्ने | • डिभिजन वन कार्यालय<br>• स्थानीय तह | • स्थानीय गैरसरकारी संस्था<br>• रोटरी, लायन्स क्लब | वर्षभरि नै | • जिल्ला प्रशासन कार्यालय<br>• जिल्ला समन्वय समिति | सूचना सम्प्रेषण भई विद्यार्थीहरुमा सचेतना आउने |
| ६ | वन डढेलो संवेदनशील क्षेत्रहरुमा माइकिङ्ग तथा प्रचार प्रसार सामग्री वितरण गर्ने | • डिभिजन वन कार्यालय/नेपाल प्रहरी/स्थानीय तह | • स्थानीय गैरसरकारी संस्था | फाल्गुण देखि असार सम्म | • जिल्ला प्रशासन कार्यालय<br>• नागरिक समाज | डढेलो संवेदनशील क्षेत्रमा डढेलोबाट हुने क्षति न्यूनिकरण भएको हुने। |
| ७ | संयुक्त टोल भेलाहरु आयोजना गरि आगोलागिका असर तथा वनमा डढेलो | • डिभिजन वन कार्यालय/ स्थानीय तह/सुरक्षा निकाय | • सा.व.उ.स.<br>• सबडिभिजन वन कार्यालय | फाल्गुण देखि चैत्र सम्म | • जिल्ला प्रशासन कार्यालय | वन डढेलोको संख्यामा न्युनिकरण हुनेछ । |

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लगाउने व्यक्ति वा समूहलाई हुने कानूनी कारवाहीको बारेमा जानकारी गराउने | | • सा.व.उ.स.<br>• संघ संस्थाहरु<br>• युवा क्लब<br>• सम्पुर्ण सुरक्षा निकायहरु | | • जिल्ला समन्वय समितिको कार्यालय<br>• सञ्चारकर्मी<br>• नागरिक समाज | |
| ८ | सामुदायिक वन उपभोक्ता समूहहरु, स्थानीय तह, प्रहरी, सशस्त्र प्रहरी, सेनाका स्वयंसेवकहरुलाई वन डढेलो नियन्त्रण सम्बन्धी तालिम/गोष्ठि आयोजना गर्ने | • सुरक्षा निकाय<br>• डिभिजन वन कार्यालय<br>• स्थानीय तह<br>• सा.व.उ.स. | • सब डिभिजन<br>• वन कार्यालय<br>• सामुदायिक वन उपभोक्ता महासंघ | फाल्गुन | • जिल्ला प्रशासन कार्यालय<br>• नागरिक समाज | स्वयंसेवकहरु वन डढेलो नियन्त्रणमा सक्षम भएको हुने । |
| ९ | अग्नि रेखा र पोखरीहरु तयार तथा मर्मत संभार गर्ने | • सब डिभिजन<br>• वन कार्यालय<br>• सामुदायिक वन उपभोक्ता समूहहरु | • डिभिजन वन कार्यालय<br>• स्थानीय पालिका<br>• संघ संस्थाहरु | फाल्गुन-चैत्र | • डिभिजन<br>• वन कार्यालय<br>• सुरक्षा निकायहरु | वनमा लाग्ने आगलागी न्युनिकरण भई क्षति कम हुनेछ |
| १० | अग्नि निरोधक सामग्रीहरुको व्यवस्थापन (खरिद र वितरण समेत) | • डिभिजन वन कार्यालय<br>• जिल्ला प्रहरी कार्यालय<br>• नेपाली सेना<br>• सशस्त्र प्रहरी बल<br>• स्थानीय तह | • जिल्ला स्थित<br>• गैरसरकारी<br>• संघसंस्थाहरु | फाल्गुन | • जिल्ला प्रशासन कार्यालय | वन डढेलो नियन्त्रणमा उपलब्ध सामाग्रीहरुको सदुपयोग भई डढेलो नियन्त्रण हुनेछ । |
| ११ | वन सम्बर्द्धन तथा व्यवस्थापनका कार्यहरु गर्ने | • डिभिजन वन कार्यालय | • स्थानीय पालिका<br>• सामुदायिक वन उपभोक्ता महासंघ<br>• सा.व.उ.स. | फाल्गुन | | पात पतिङ्गर र झाडिबाट फैलने वन डढेलोका घटना न्यूनीकरण |
| १२ | वन दस्ता गठन तथा संचालन | • स्थानीय तह<br>• सब-डिभिजन वन कार्यालय | • जिल्ला प्रशासन कार्यालय<br>• डिभिजन वन कार्यालय<br>• सुरक्षा निकाय | फाल्गुनदेखि जेठसम्म | • जिल्ला प्रशासन कार्यालय<br>• डिभिजन वन कार्यालय | वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका घटनामा कमी भएको हुनेछ । |
| १३ | उपत्यकास्तरीय अग्नि नियन्त्रण संजाल | • जिल्ला प्रशासन कार्यालय | • जिल्ला प्रहरी कार्यालयहरु | फाल्गुनदेखि | • नागरिक समाज | Resource Pooling बाट |



गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गठन | र डिभिजन वन कार्यालयहरु काठमाडौं, भक्तपुर र ललितपुर | • नेपाली सेना<br>• सशस्त्र प्रहरी बल<br>• जुद्ध वरुण यन्त्र कार्यालय | असारसम्म | | स्रोत व्यवस्थापन तथा परिचालनमा सहज हुने । |
| १४ | जिल्लास्तरीय Rapid Response Team गठन तथा परिचालन | • जिल्ला प्रशासन कार्यालय<br>• डिभिजन वन कार्यालय<br>• जिल्ला प्रहरी कार्यालय<br>• नेपाली सेना<br>• सशस्त्र प्रहरी बल<br>• जुद्ध वरुण यन्त्र कार्यालय | • स्थानीय पालिका<br>• नागरिक समाज<br>• सामुदायिक वन उपभोक्ता महासंघ<br>• सा. व. उपभोक्ता समिति | फाल्गुनदेखि असारसम्म | • नागरिक समाज | निरन्तरको समन्वय तथा सहकार्यबाट फिल्डमा हुने वन डढेलो नियन्त्रण हुनेछ । |
| १५ | स्थानीय Rapid Response Team गठन तथा परिचालन | • सब-डिभिजन वन कार्यालय | • डिभिजन वन कार्यालय<br>• स्थानीय पालिका<br>• सुरक्षा निकायहरु<br>• सा.व.उ.स.हरु<br>• आमा समूह, युवा क्लब | फाल्गुनदेखि असारसम्म | | वन डढेलोको नियन्त्रण तथा न्यूनीकरण हुनेछ । |
| १६ | स्थानीय RRT मार्फत वन डढेलो नियन्त्रण तथा व्यवस्थापन (डढेलो निभाउने) | • डिभिजन वन कार्यालय<br>• सब-डिभिजन वन कार्यालय<br>• सुरक्षा निकायहरु<br>• जुद्ध वरुण यन्त्र कार्यालय | • सा.व.उ.समूहहरु<br>• सञ्चारकर्मी<br>• स्थानीय पालिका<br>• नागरिक समाज, आमा समूह, युवा क्लब<br>• राजनैतिक दल | निरन्तर | • जिल्ला प्रशासन कार्यालय<br>• डिभिजन वन कार्यालय<br>• स्थानीय पालिका | डढेलो नियन्त्रण भई क्षति न्यूनीकरण हुनेछ । |
| १७ | आगो लगाउने व्यक्तिलाई कार्वाहीको लागि सूचना दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था | • डिभिजन वन कार्यालय | • स्थानीय पालिका<br>• नागरिक समाज<br>• स्थानीय व्यक्ति | निरन्तर | • जि. प्र. कार्यालय<br>• जिल्ला सरकारी वकिल कार्यालय | डढेलो लगाउने व्यक्ति कार्वाहीको दायरा आउनेछ । |
| १८ | आगो लागिबाट क्षति पुगेको वन पैदावार तथा यथाशीघ्र संकलन गरी उचित व्यवस्थापन गर्ने र डढेलोबाट प्रभावित क्षेत्र सफा गर्ने | • सब-डिभिजन वन कार्यालय<br>• स्थानीय तह | • जिल्ला प्रशासन कार्यालय<br>• सुरक्षा निकायहरु | निरन्तर | • डिभिजन वन कार्यालय | निरन्तरको समन्वय तथा सहकार्यबाट फिल्डमा हुने वन डढेलो नियन्त्रण हुनेछ । |



गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

**१०. वन डढेलो नियन्त्रण आवश्यक पर्ने सामग्री/ उपकरणहरुको सूची र बजेट व्यवस्थापन:**

वन डढेलो प्रतिकार्यमा आवश्यक पर्ने सामग्रीहरु जिल्ला स्तर र स्थानीय स्तरमा व्यवस्थापन गर्नुपर्नेछ । अत्यावश्यक सामग्रीहरुको मर्मत सम्भार, खरिद र व्यवस्थापनको लागि आवश्यक पर्ने बजेट जिल्लास्तरमा जिल्ला विपद् व्यवस्थापन कोष तथा स्थानीय स्तरमा स्थानीय विपद् व्यवस्थापन कोषबाट हुनेछ र त्यसको संयोजन डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयले गर्नेछ। वन डढेलो प्रतिकार्यको लागि आवश्यक सामग्रीको खरिद र मर्मत सम्भार गर्नको लागगि आवश्यक वजेट छुट्याइनेछ। साथै आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने जिम्मेवारी सरोकारवाला सबै निकायको हुनेछ र त्यसको लागि आवश्यक वजेट व्यवस्थापन समेत गर्नुपर्नेछ ।

वन डढेलो प्रतिकार्यको लागि आवश्यक पर्ने न्यूनतम सामग्रीहरु:

- जम्प सुट (Jump Suit set)
- स्वाट (Fire Swatter)
- पन्जा (Gloves)
- हेलमेट (Helmet)
- ब्याकप्याक पम्प (Backpack)
- Rake
- बुट
- प्रोटेक्टिभ ग्लास
- सावेल
- ब्याट्री स्पेयर
- मोटर पम्प
- मोटर पम्प सहितको पानी ट्याङ्की (ट्र्याक्टर वेस)
- प्राथमिक उपचार किट
- टर्च बत्ती
- Head Torch
- पानीको बोतल
- Bag pack water pump
- Reck Hoe, Axe Hoe
- अन्य



गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

# अनुसूची १: प्रस्तावित Forest Fire Alert and Response System (FFARS) प्रणाली

**Project Title: Forest Fire Alert and Response System (FFARS)**

**Problem and Need:**

- Forest fires pose threats to ecosystems, property, and lives. Delays in detection and response lead to more damage. The increasing number of outdoor enthusiasts (like hikers) can help detect and report fires quickly.

**Objective:**

- To create a system for hikers to report forest fires in real time.
- To establish a direct communication channel with emergency services.
- To reduce response time and minimize damage.

**Project Scenario:**

- A hiker spots a fire, accesses a link or scans a QR code, fills an online form, and submits information (photos, videos, GPS location) to alert authorities.

**Information Flow:**

- Hiker notices fire → uses phone to access the form → uploads media → provides GPS data → submits info → alerts sent to concerned authorities via email/SMS.

**Technical Requirements:**

- QR Code Generation: Weatherproof codes placed along trails.
- Mobile-Friendly Form: Easy-to-use form with media upload and GPS location.
- Backend System: Secure database, automated dispatch system, real-time dashboard for authorities.

**Communication Channels**: SMS and email notifications.

**Expected Outcomes:**

- Faster fire detection and response.
- Increased public awareness and involvement in fire prevention.
- Improved coordination among emergency services.

**Stakeholders:**

- Hikers, District Administration Office, Fire Department, Chief District Officer (CDO), Army, local communities, and forest management authorities.

**Budget and Resources:**

- Development of the reporting platform and maintenance.
- QR code production and placement.
- SMS and email services.
- Training for emergency teams.

Note: For the complete system which includes, Mobile App for reporting, Backend and Dashboard, Forms (third party), the estimated budget is Rs. 3,70,000.00 (Three lakh seventy thousand only)

**Summary Impact:**

- The system aims to enhance fire response times and increase collaboration between the public and emergency responders for a more effective forest fire management system.

गोपालप्रसाद दर्याल
प्रमुख जिल्ला अधिकारी

अनुसूची २: जिल्ला स्तरीय Rapid Response Team (DLRRT)


१. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. प्रतिनिधि, इन्द्रबक्स गण, सूर्यविनायक, भक्तपुर
३. प्रतिनिधि, महानगरीय प्रहरी परिसर, भक्तपुर
४. प्रतिनिधि, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
५. प्रतिनिधि, जुद्ध वरुण यन्त्र कार्यालय, भक्तपुर
६. प्रतिनिधि, डिभिजन वन कार्यालय, भक्तपुर


अनुसूची ३: स्थानीय स्तरीय Rapid Response Team (LLRRT)

७. प्रतिनिधि, सब डिभिजन वन कार्यालय
८. प्रतिनिधि, स्थानीय तह
९. प्रतिनिधि, नेपाल प्रहरी
१०. प्रतिनिधि, नेपाली सेना
११. प्रतिनिधि, सशस्त्र प्रहरी बल, नेपाल
१२. प्रतिनिधि, सामुदायिक वन उपभोक्ता महासंघ
१३. प्रतिनिधि, स्थानीय गैरसरकारी संस्था

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

अनुसूची ४: जिल्ला स्थित विभिन्न ठाउँमा डढेलो व्यवस्थापन सम्बन्धी भएका विभिन्न क्रियाकलाप झल्कने तस्विरहरु:



















***समाप्त***

प्रमुख जिल्ला अधिकारी